# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं.-१

## स्थानीय राजपत्र

# लिखु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः- ३ संख्याः- ३ मितिः- २०७७ / ०३ /३१

## भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रही लिखु गाउँपालिका संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा भएको प्रथम संशोधन, २०७७ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

लिखु गाउँपालिका संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा संशोधनको लागि पेश गरिएका दफाहरु :

| विद्यमान ऐनको व्यवस्था | संशोधित हुने व्यवस्था | संशोधनका कारण |
|---|---|---|
| **परिच्छेद- १ दफा २**<br>(घ) "स्थानीय अधिकारी" भन्नाले लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ । | **परिच्छेद- १ दफा २**<br>(घ) "स्थानीय अधिकारी" भन्नाले लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ । | कार्यसम्पादनलाई सहजिकरण गर्न । |
| **परिच्छेद- १ दफा ८**<br>(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण | **परिच्छेद- १ दफा ८**<br>(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित | कार्यसम्पादनमा प्रभावकारीता ल्याउन । |

| | | |
|---|---|---|
| सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागु गर्न गाउँ कार्यपालिकाको पूर्व स्वीकृती लिखु पर्नेछ। | भएको मानिनेछ। तर सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृती लिखु पर्नेछ। | |
| **परिच्छेद- १ दफा १४**<br>२ . उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ। तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन। | **परिच्छेद- १ दफा १४**<br>२ . उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ। तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व संस्थाका तत्कालीन सञ्चालक समितिले व्यहोर्नेछन । | सञ्चालक समितिलाई मर्यादित र जिम्मेवार बनाउन । |

आज्ञाले,

अभय कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत

२०७७/०३/३१